“अनाथ, असाहाय वालवालिकाहरुको शिक्षा, स्वास्थ्य साथै लागुऔषध दुर्व्यशनी न्यूनिकरण सहयोगार्थ”

अर्जुनधारा नगरवासीको माझ वृहत सांस्कृतिक साङ्गीतिक साँझ

# वृहत खुदुनाबारी सांस्कृतिक सांगीतिक कार्यक्रम २०७९

## प्रस्तावना-पत्र



### आयोजक

पान नं.६१६७४२४८४ *"One Team, One Dream".* दर्ता नं.३२०५

YOUTH OF KHUDUNABARI

युथ अफ खुदुनाबारी

### सह-आयोजक

**सा.रे.ग.म. कला केन्द्र**
अर्जुनधारा-३, झापा

**अर्जुनधारा डान्स एकाडेमी**
अर्जुनधारा-३, झापा

# प्रस्तावना

**१. कार्यक्रमको नाम :** वृहत खुदुनाबारी सांस्कृतिक साङ्गीतिक कार्यक्रम,

कार्यक्रमको नारा : अर्जुनधारा नगरवासीको माझ वृहत सांस्कृतिक साङ्गीतिक साँझ

**२. कार्यक्रमको उदेश्य :** अनाथ, असाहाय वालवालिकाहरुको शिक्षा, स्वास्थ्य साथै लागुऔषध दुर्व्यशनी न्यूनिकरणका साथै मौलिक कला, संस्कृति संरक्षण गरी उदयमान कलाकारहरुमा उत्प्रेरणा भर्ने ।

**३. कार्यक्रम सञ्चालन गर्ने संस्था :** युथ अफ खुदुनाबारी

**४. कार्यक्रम हुने स्थान :** न्यूहोप अंग्रेजी बोर्डिङ स्कूलको भवन

**५. कार्यक्रम सञ्चालन मिति :** २०७९।०७।०६

**६. कार्यक्रम लागत (खर्च) :** ६,८६,०००।-

**७. कार्यक्रमको पृष्ठभूमी :**

नेपाल जातीय, भाषिक, सांस्कृतिक, धार्मिक तथा भौगोलिक रुपमा विविधता युक्त मुलुक हो । यस देशका विभिन्न भूगोलमा छरिएर रहेका विभिन्न जातीय, सांस्कृतिक तथा भाषिक समुदायका आ-आफ्ना मौलिक कला, सङ्गीत र साहित्यको लामो इतिहास रहेको पाइन्छ । विश्वव्यापीकरण प्रत्यक्ष, परोक्ष प्रभावका कारण विगत केही वर्षदेखि हाम्रा मौलिक परम्परागत संस्कृति झल्काउने साङ्गीतिक कार्यक्रमहरु हुन नसक्दा हाम्रा पहिचानहरु लोप हुने खतरा बढ्दै गएको प्रति हामी समयमै सचेत हुनुपर्ने अवस्था सृजना भएको छ । यि नै कुरालाई मध्यनजर गर्दै हामीले आफ्ना मौलिक कला र परम्पराको संरक्षणका लागि लाग्न जरुरी छ ।

मानव विकासको इतिहास जतिकै लामो इतिहास बोकेको सङ्गीत क्षेत्रले मानव जीवनका खुशी, उमङ्ग, हर्ष उल्लासका साथै दुःख अनि पीडाको समयमा पनि सारथीको काम गर्ने गर्दछ । हाम्रा भावि सन्ततीहरुलाई हाम्रो मौलिक सांस्कृतिक ज्ञान दिनु र उनिहरुलाई विकृत मनस्थितीबाट बचाउनु पनि हामी युवा पीडीको परम कर्तव्य हो । सङ्गीत, साहित्य, खेलकुद, कला र सृजनाको माध्यमबाट गाउँ देखि राष्ट्र हुँदै अन्तराष्ट्रिय क्षेत्रमा समेत आफू र राष्ट्रलाई चिनाउन सकिने हुँदा यसको आफ्नै विशिष्ट महत्व रहेको पाइन्छ ।

मूलतः माथि उल्लेखित विविध पक्षहरुलाई सिरोधार्य गरी गाउँबेशी, गोठाला र खेतालामा सिमित भएर रहेका, ओझेलमा परेका हाम्रा कलाकार हरुलाई उर्जा भरी हाम्रो मौलिकपनहरुको संरक्षण गर्ने तथा यी कला र कलाकारहरुलाई राष्ट्र र अन्तराष्ट्रिय क्षेत्र सम्म परिचित गराउने मुख्य उदेश्य तथा उदयीमान नव प्रतिभाहरुमा उत्प्रेरणा भर्ने अभीष्टका साथ बृहत खुदुनाबारी सांस्कृतिक साङ्गीतिक साँझ आयोजना गर्ने प्रयास गरिएको छ ।

**८. यस कार्यक्रमको उदेश्यहरु निम्न अनुसार हुने छन् :**

(क) मौलिक संस्कृति र कलाको संरक्षण गर्ने ।

(ख) ओझेलमा परेका कलाकारहरुको प्रतिभा, क्षमता प्रस्फुटनको अवसर प्रदान गर्ने ।

(ग) उदयीमान नव कलाकारहरुलाई अवसर प्रदान गरी उत्प्रेरणा भर्ने ।

(घ) सङ्गीत कला र परम्पराको पुस्तान्तरण गर्ने ।

(ङ) युवा युवतिहरुलाई कुसंस्कार र कुलतबाट बचाउन रचनात्मक कार्यक्रममा सरिक गराउने ।

(च) हाम्रा चाडपर्वमा हुने खर्चहरुलाई रचनात्मक र सृजनात्मक कार्यमा लगाउने ।

(छ) नेपालीहरुको महान पर्व दिपावली, छठ लगायतका अन्य जातीय पर्वहरुको अवसरमा शुभकामना आदान-प्रदान गर्ने ।

(ज) युवा युवती तथा वालवालिकालाई स्वस्थ र स्फुर्त राख्न मद्दत गर्ने ।

(झ) कार्यक्रम सञ्चालन गरी आम नागरिकलाई भरपुर मनोरञ्जन दिने ।

(ञ) कार्यक्रम सम्पन्न भई हुन आएको बचत रकम अनाथ, असाहाय तथा विपन्न परिवारका वालवालिकाहरुको शिक्षा, स्वास्थ्य क्षेत्र साथै लागुऔषध दुर्व्यशनी विरुद्धको कार्यक्रममा खर्च गर्ने ।

## ९. कार्यक्रममा संचालन गरिने क्रियाकलाप :

(क) मौलिक परम्परागत भेषभुषा, बाजागाजा सहित सांस्कृतिक सांगीतिक कार्यक्रम प्रस्तुती ।

(ख) शुभकामना आदान-प्रदान ।

(ग) संस्थाको आधिकारीक वेबसाईट सार्वजनिक ।

(घ) सम्मान तथा प्रशंसा पत्र वितरण ।

## १०. (क) कार्यक्रम सञ्चालन पूर्व गरिने कृयाकलापहरु :

| सि.नं. | कार्यक्रम | सहभागिता |
|---|---|---|
| १ | वृहत छलफल तथा अन्तरक्रिया | सांगीतिक संस्था, बुद्धिजीवी, शिक्षक, अग्रज व्यक्तित्व, पत्रकार तथा सहयोगी दाताहरु |
| २ | पत्रकार सम्मेलन | सामाजिक सञ्जाल, टेलिभिजन, एफ.एम लगायत पत्र पत्रिका |
| ३ | प्रचार प्रसार | डिजिटल प्रचार प्रसार, पत्राचार, टेलिफोन तथा सञ्चार माध्यम |

## (ख) कार्यक्रम सञ्चालन पूर्व गरिने कृयाकलापहरु :

| सि.नं. | कार्यक्रम/क्रियाकलाप | सहभागिता |
|---|---|---|
| १ | कार्यक्रम सञ्चालन | कलाकार, अतिथि, दर्शक, श्रोता र सहभागीहरुको माझमा |
| २ | कार्यक्रम समापन | सम्मान पत्र, प्रशंसा पत्र वितरण र धन्यवाद ज्ञापन सहित । |

## ११. कार्यक्रम सञ्चालन विधि :

यस कार्यक्रमलाई सभ्य, भव्य र मनोरञ्जनपूर्ण बनाउन पत्रकार सम्मेलन, अन्तरक्रिया अग्रज व्यक्तित्वहरुसँग सल्लाह सुझाव लिई पत्राचार, छापामाध्यम, डिजिटल माध्यमबाट समेत प्रचार प्रसार गरी स्थानीय क्षेत्रमा माइकिङ गरिनेछ। साङ्गीतिक कार्यक्रमको माझमा अतिथिहरुबाट शुभकामना आदान प्रदान गरिने छ ।

## १२. कार्यक्रमको लागि आर्थिक व्यवस्थापन :

गाउँबेशीका लोक कलाहरु अनि गोठाला खेतालामा सिमित हाम्रा मौलिक कला, सङ्गीतहरुलाई संरक्षण गर्दै उदयीमान प्रतिभाहरुलाई उत्प्रेरणा गर्ने मुख्य उदेश्यका साथ आयोजना हुने वृहत खुदुनाबारी सांस्कृतिक, सांगीतिक कार्यक्रमको करिब ७,००,०००।- (सात लाख रुपैया) हुने अनुमान गरिएको छ । स्रोत व्यवस्थापनको लागि अर्जुनधारा नगरपालिका, वडा कार्यालय, सामुदायिक वन, उद्योग कल कारखाना तथा स्थानीय अग्रज व्यक्तित्वहरु तथा संघ संस्थाहरु लगायत सँग सहयोगको भरपूर अपेक्षा राखेका छौं ।

**१३. अनुमानित आय/व्यय विवरण :**

| क्र. सं. | आय विवरण | रकम | क्र. सं. | व्यय विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | मूख्य प्रायोजक | १,५०,०००।- | १ | लाईट/साउण्ड सिस्टम | १,००,०००।- |
| २ | अर्जुनधारा नगरपालिका | १,००,०००।- | २ | राष्ट्रिय स्तरका कलाकार खर्च | १,००,०००।- |
| ३ | अ.न.पा.३ को वडा कार्यालय | ५०,०००।- | ३ | स्थानीय कलाकार व्यवस्थापन खर्च | ५०,०००।- |
| ४ | अ.न.पा.२ को वडा कार्यालय | ५०,०००।- | ४ | चर्चित म्युजिक ब्याण्ड खर्च | ५०,०००।- |
| ५ | अ.न.पा.१ को वडा कार्यालय | २५,०००।- | ५ | अतिथि ब्यवस्थापन | २०,०००।- |
| ६ | सामुदायिक वन उपभोक्ता समूह | ६०,०००।- | ६ | स्टेज ब्यवस्थापन | ३५,०००।- |
| ७ | स्थानीय अग्रज ब्यक्तित्वहरु | ८१,०००।- | ७ | स्वयंशेवक परिचालन खर्च | २५,०००।- |
| ८ | बैंक तथा वित्तिय संघ संस्थाहरु | २५,०००।- | ८ | पत्रकार सम्मेलन तथा प्रचार प्रसार | २०,०००।- |
| ९ | अस्पताल तथा मेडिकल | १५,०००।- | ९ | सुरक्षा ब्यवस्थापन खर्च | १०,०००।- |
| १० | उद्यमी ब्यवसायी | ८०,०००।- | १० | प्रशासनीक खर्च | १५,०००।- |
| ११ | शैक्षिक संस्था | १०,०००।- | ११ | कलाकार पोशाक तथा श्रृङ्गार खर्च | ४०,०००।- |
| १२ | प्रवासी नेपाली समाज | २०,०००।- | १२ | इन्धन खर्च | १५,०००।- |
| १३ | अन्य दातृ संस्था | २०,०००।- | १३ | सम्मान तथा प्रशंसा पत्र | २५,०००।- |
| | | | १४ | विविध खर्च | १५,०००।- |
| | | | १५ | अनाथ तथा विपन्न वालवालिका सहयोग खर्च | ६०,०००।- |
| | | | १६ | लागु औषध दुर्व्यशनी न्यूनीकरण कार्यक्रम खर्च | ६०,०००।- |
| | | | १७ | कोष बचत | ३६,०००।- |
| | **जम्मा खर्च** | **६,८६,०००।-** | | **जम्मा खर्च** | **६,८६,०००।-** |

धन्यवाद !

"One Team, one Dream".

दर्ता नं. ३२०५
पान नं. ६१६७४२४८४

# YOUTH OF KHUDUNABARI
# युथ अफ खुदुनाबारी

अर्जुनधारा-३, झापा

प.सं.
च.नं.

मिति २०७९।०६।२६

श्री.....................................................ज्यू,

.................................................

विषयः आर्थिक सहयोग सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा विशेष गरी अर्जुनधारा नगरपालिका क्षेत्रमा सकृय रही खेलकुद, विभिन्न रचनात्मक क्रियाकलापका गतिविधी साथै कुशंस्कार र कुलतका बिरुद्ध रचनात्मक काम गर्दै आएको यस युथ अफ खुदुनाबारी संस्थाको आयोजनामा यस क्षेत्रका साङ्गीतिक संस्थाहरु "अर्जुनधारा डान्स एकाडेमी र सारेगम कला केन्द्र" को सहकार्यको साथमा आयोजना हुने "अर्जुनधारा नगरवासीको माझ वृहत सांस्कृतिक सांगीतिक साँझ" भन्ने मूल नाराका साथ यस क्षेत्रका विभिन्न जातीय परम्परागत लोक नृत्य साथै स्थानीय कलाकारहरुको संरक्षण र प्रवर्द्धन गर्ने मुख्य उदेश्य एवम् उदयमान युवा कलाकारहरुलाई उत्प्रेरणा भर्ने लक्ष्यका साथ शुभ दिपावली तथा छठ पर्व २०७९ को पावन अवसरमा यहि मिति २०७९ साल कार्तिक ०६ गते आयोजना हुन गईरहेको बृहत सांस्कृतिक सांगीतिक कार्यक्रम भव्य र सभ्य रुपमा सम्पन्न गराउन आवश्यक आर्थिक सहयोग गरिदिनु हुन सादर अनुरोध गर्दछौं ।

..............................
मनोज सिटौला
अध्यक्ष

www.youthofkhudunabari.org.np youthofkhudunabari@gmail.com